# राजापुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## राजापुर, बर्दिया
## लुम्बिनी प्रदेश, नेपाल

☎ ०८४-४६०१६७
☎ ०८४-४६०१११


### आ व २०८०/८१ को आन्तरिक आय ठेक्का बन्दोबस्त सम्बन्धी सिलबन्दी दरभाउपत्रको आह्वानको सूचना
### तेस्रो पटक प्रकाशित मिति :-२०८०/०५/१४

स्थानिय सरकार संचालन ऐन, २०७४ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम यस कार्यालयले लगाउन सक्ने देहायका कर दस्तुर शुल्क सम्बन्धी आन्तरिक आय ठेक्का आ.व २०८०/८१ को लागि बन्दोबस्त गुर्नपर्ने भएकाले इच्छुक फर्म, कम्पनी, संस्था वा व्यक्तिले देहायका शर्तहरुको अधिनमा रहि रितपूर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का रकम | दरभाउपत्र दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|
| ५/०७९-८० | घाट उत्राही शुल्क | रु. २,५०,०००। | रु. १०००। | कबोल अंकको ३% |

१. दरभाउपत्र फारम रु.१०००।- (अक्षेरुपी रु. एक हजार रुपैया मात्र) फिर्ता नहुने गरी बुझाई प्रचलित नेपाल कानुन बमोजिम दर्ता भएका फर्म, कम्पनी, संस्था वा व्यक्तिले दरभाउपत्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।
२. यस कार्यालको छाप र दस्तखत नभएको दरभाउपत्रलाई मान्यता दिईने छैन र छाँया प्रति दरभाउपत्र फारम स्वीकार्य छैन साथै जसको नामबाट दरभाउपत्र खरिद गरिएको हो सोहि व्यक्ति वा फर्मको नामबाट दाखिला गर्नुपर्नेछ ।
३. सिलबन्दी दरभाउपत्रको खाममा ठेक्का नं., ठेक्काको नाम र दरभाउपत्रदाताको नाम, ठेगाना, मोबाइल नं. र छाप स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
४. दरभाउपत्र मिति २०८०/०५/२० गते कार्यालय समय भित्र खरिद गरि मिति २०८०/०५/२१ गते मध्यान्ह १२ बजे भित्र दाखिला ग़रिसक्नुपर्नेछ र दरभाउपत्र मिति २०८०/०५/२१ गते दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । सो समयमा दरभापत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
५. सिलबन्दी दरभाउपत्र फारमका साथ आफुले कबोल गरेको अंकको ३ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको धरौटी खाता नेपाल बैंक लिमिटेडको खाता नं. ०२८०३०००००३००००००००१ मा नगद दाखिला गरेको सक्कल बैंक भौचर वा नगदै रकम वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट राजापुर नगरपालिकाको नाममा जारी गरिएको कम्तिमा ७५ दिन मान्य अवधि भएको बैंक जमानत पेश गर्नुपर्नेछ ।
६. दरभाउपत्र फारम भर्दा आफुले कबोल गरेको ठेक्का रकम अंक र अक्षर दुवैमा प्रष्ट लेखिएको हुनुपर्नेछ । कुनै व्यहोरा सच्चाइएको ठाउँमा दरभाउपत्रदाताको दस्तखत भएको हुनुपर्नेछ ।अंक र अक्षरमा फरक परे अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
७. ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकार र प्रदेश सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण कर दस्तुर शुल्क आदि ठेकेदार आफैले बुझाउनु पर्नेछ ।
८. यस कार्यालयबाट विगत वर्षहरुमा लगाईएको ठेक्काको रकम बुझाउन बक्यौता रहेको फर्म/कम्पनी/संस्था/व्यक्तिको दरभाउपत्र स्वीकृत हुनेछैन ।
९. माथि उल्लेखित सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
१०. यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।
११. यस सम्बन्धमा थप कुरा बुझ्न परेमा यस कार्यालयको फोन नं. ०८४-४६०१११/४६०१६७ मा सम्पर्क गर्न सकिनेछ ।

महेन्द्रजंग शाही
प्रमुख प्रशासकीय अधिकृत

महेन्द्र जंग शाही
प्रमुख प्रशासकीय अधिकृत